नेपाल सरकार

# भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

(स्थानीय तह समन्वय शाखा)

पत्र संख्याः २०८२/०८३

चलानी नं.: ४६१

मितिः २०८३/०२/१८

नेपाल संवत् ११४६

विषयः सम्भावित महामारीको पूर्वतयारी तथा प्रतिकार्य सम्बन्धमा।

श्री गाउँपालिका (सबै),

श्री नगरपालिका (सबै)।

स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय, स्वास्थ्य समन्वय महाशाखाको प.सं. २०८२/०८३, च.नं. १०५, मिति २०८३/०२/११ को सम्भावित महामारीको पूर्वतयारी तथा प्रतिकार्य सम्बन्धी पत्र आवश्यक जानकारी तथा कार्यार्थ यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ।

..................

(प्रकाश पन्थी)

शाखा अधिकृत

**बोधार्थः**

श्री स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय, स्वास्थ्य समन्वय महाशाखा, सिंहदरबार, काठमाडौं।

श्री सूचना प्रविधि शाखाः पत्र इमेल गरिदिनुहुन र वेबसाइटमा समेत अपलोड गरिदिनुहुन।

नेपाल सरकार

# स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय

स्वास्थ्य समन्वय महाशाखा

प्रादेशिक तथा स्थानीय स्वास्थ्य समन्वय शाखा

नेपाल सरकार स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय सिंहदरबार, काठमाडौं

सिंहदरबार, काठमाडौं

पत्र संख्या २०८२/०८३

च. नं १०५

२०८३।२।११

श्री भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरवार, काठमाडौं ।

विषयः सम्भावित महामारीको पुर्वतयारी तथा प्रतिकार्य सम्वन्धमा।

प्रस्तुत विषयमा विगत वर्षहरुमा जस्तै यस वर्ष पनि मनसुनको शुरुवात सँगै हुनसक्ने सम्भावित महामारीजन्य जनस्वास्थ्यका घटनाहरु (जस्तैः हैजा, डेंगी, स्क्रव टाईफस, मलेरिया, ईन्फलुन्जा आदि) को पूर्वतयारी तथा प्रतिकार्यको लागि निगरानी प्रणालीलाई सक्रिय गरि जनस्वास्थ्य प्रकोपको द्रुत जोखिम मुल्यांकन तथा जोखिम अनुरुपको समयमै प्रतिकार्य गर्ने प्रयोजनार्थ तपसिल वमोजिमका क्रियाकलापहरु संचालन गर्न/गराउनहुन तहाँ मन्त्रालय मार्फत सबै स्थानीय तहहरुलाई पत्राचार गरि समन्वय गरिदिनुहुन निर्णयानुसार अनुरोध छ ।

तपसिलः

१) स्थानीय तहमा द्रुत प्रतिकार्य समिति तथा द्रुत प्रतिकार्य टोलीको नियमित वैठक गरी सम्भावित महामारी व्यवस्थापनमा लाग्ने आवश्यक सामग्री र स्रोत साधन सहित तयारी अवस्थामा रहनुहुन ।

२) डेंगी, स्क्रव टाईफस लगायतका बिरामीको निगरानीका लागि स्थानीयतहवाट आवश्यक सङ्ख्यामा निदान किट व्यवस्थापन गरी जाँच गर्ने व्यवस्था मिलाउनु हुन ।

३) हैजा सम्वन्धी जाँच गर्नका लागि हरेक जिल्ला स्थित स्वास्थ्य/जनस्वास्थ्य/स्वास्थ्य सेवा कार्यालयहरुसँग समन्वय गर्नु हुन ।

४) स्थानीय तहमा खानेपानी गुणस्तर निगरानीका लागि आवश्यक व्यवस्था मिलाउनु हुन र स्थानीय तहमा सोको व्यवस्था नभएको खण्डमा खानेपानी गुणस्तर निगरानीका लागि जिल्लास्थित स्वास्थ्य/जनस्वास्थ्य/स्वास्थ्य सेवा कार्यालयसँग समन्वय गर्नु हुन ।

५) कुनै पनि स्वास्थ्यजन्य महामारी/प्रकोप देखिएको खण्डमा उक्त प्रकोप सम्वन्धी सूचना SORMAS प्रणालीमा प्रविष्ट गरी प्रारम्भिक द्रुत जोखिम लेखाजोखा गरि प्रतिकार्यलाई व्यवस्थित गर्नका साथै सम्वन्धित प्रदेश तथा स्वास्थ्य सेवा विभाग, इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखासँग समन्वय गर्नु हुन ।

पवित्रा ढकाल
शाखा अधिकृत